# नेपाल सरकार, मन्त्रिपरिषद्का २०८२ असार १३ गतेका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सार्वजनिक खरिद पुनरावलोकन समितिको अध्यक्षमा पूर्वसचिव श्री रघुराम विष्ट र सदस्यहरूमा पूर्वसहसचिवहरू श्री रोहित कुमार विसुराल तथा श्री थानेश्वर गौतमलाई नियुक्त गर्ने। |
| २ | अर्थ मन्त्रालय | विदेशी विनिमय (नियमित तथा व्यवस्थित गर्ने) विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| ३ | अर्थ मन्त्रालय | सम्पत्ति व्यवस्थापन विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| ४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०८२ असार ३० गतेदेखि साउन १ गतेसम्म भियतनामको हनोईमा सञ्चालन हुने High Level Interregional Knowledge Exchange on One Country One Priority Product (OCOP) Models कार्यक्रममा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ५ | खानेपानी मन्त्रालय | खानेपानी र सरसफाइ क्षेत्रको महत्त्वपूर्ण प्रगतिलाई दिगो प्रभावमा रूपान्तरण गर्न Prime Ministerial Commitment: A National Transformation in, and through, Water, Sanitation and Hygiene विषयक प्रतिबद्धतामा नेपालको तर्फबाट हस्ताक्षर गर्न स्वीकृति दिने। |
| ६ | गृह मन्त्रालय | बाँके जिल्ला डुडुवा गाउँपालिका बस्ने अकुव अहमदको परिवारलाई पाँच लाख रुपियाँ क्षतिपूर्ति वापत आर्थिक सहायता उपलब्ध गराउने। |
| ७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | (क) सहकारी संस्थाहरूको कर्जा असुलीसम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्न सर्वोच्च अदालतका उपसचिव श्री कृतिबहादुर बस्नेत अध्यक्ष र श्री बसन्तराज पुरी, धनकुटा तथा श्री गोविन्द शर्मा गैह्रे, तनहुँ सदस्य रहेको कर्जा असुली न्यायाधिकरण गठन गर्ने।<br>(ख) कर्जा असुली न्यायाधिकरणको आ.व. २०८१/८२ का लागि आवश्यक अधिकृतस्तरका तीन पदको अस्थायी दरवन्दी स्वीकृत गर्ने। |
| ८ | रक्षा मन्त्रालय | नेपाली सेनाका एकजना सहायक रथीलाई उपरथी दर्जामा बढुवा गर्ने। |
| ९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | फ्रान्सको पेरिसमा आयोजना हुने 47th session of the World Heritage Committee मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| १० | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको रिक्त कार्यकारी निर्देशक पदमा श्री राम शरण पुडासैनी, काठमाडौंलाई नियुक्त गर्ने। |
| ११ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | प्रत्येक वर्ष असोज १५ गतेका दिनलाई राष्ट्रिय चलचित्र दिवसको रूपमा मनाउने। |
| १२ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल र भारत सरकारबिच हस्ताक्षर हुने Cooperation in the Field of Health and Medicine विषयक समझदारीपत्र स्वीकृत गर्ने। |
| १३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल र भारतबिच हस्ताक्षर हुने आयुर्वेद र परम्परागत चिकित्सा प्रणालीको क्षेत्रमा सहकार्य विषयक समझदारीपत्र स्वीकृत गर्ने। |
| १४ | राष्ट्रिय पर्यटन नीति, २०८२ स्वीकृत गर्ने। | |
| १५ | खानेपानी मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवहरूको वैदेशिक भ्रमण स्वीकृत गर्ने। | |